**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs** **Date: 21.10.2025**

## POLICE COMMEMORATION DAY: NSD

आज पुलिस स्मृति दिवस हो। 1959 मा यसै दिन लद्दाखको हट स्प्रिंग्समा भारी हतियारधारी चिनियाँ सेनाले गरेको आक्रमणमा दश जना वीर पुलिस जवानले आफ्नो ज्यान गुमाएका थिए। त्यसबेलादेखि, 21 अक्टोबरलाई हरेक वर्ष पुलिस स्मृति दिवसका रूपमा मनाइन्छ। आज रक्षामन्त्री राजनाथ सिंहले नयाँ दिल्लीस्थित राष्ट्रिय पुलिस स्मारकमा माल्यार्पण गर्नुभयो। केन्द्रीय गृह राज्यमन्त्री, केन्द्रीय सशस्त्र पुलिस बलका प्रमुखहरू, केन्द्रीय पुलिस संगठनहरूले पनि माल्यार्पण गरी शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गरे।

## Gai Tihar: Desk

राज्यमा अहिले तिहार अर्थात् दिपावली पर्व धुमधामसित पालन गरिँदैछ। आज मानिसहरूले गाई तिहार पालन गरे। यसपाली औँसी दुई दिन परेका कारण हिजो लक्ष्मी पूजा गर्नेहरूले पनि आज गाई तिहार पालन गरेका छन् भने कतिपय गाउँ-घरमा आज बेलुकी मात्र लक्ष्मी पूजा गरिएको समाचार प्राप्त भएको छ। हिन्दु धर्मवलम्बीहरू गाईलाई लक्ष्मी मान्छन् र गाईको पूजा-अर्चना गर्दछन्। मुख्यमन्त्री प्रेमसिंह तामङले पनि आज परिवारका साथमा गाई पूजा गर्नुभयो।

## Amar Subba: Dilliram Dulal

सिक्किमका प्रख्यात म्याराथन म्यान अमर सुब्बाले AMAS -का आफ्ना विद्यार्थीहरूसँग मिलेर हिजो 20 अक्टोबर 2025 को दिन दार्जिलिङमा आयोजित **Tribute and Humanity Run** अर्थात् "श्रद्धाञ्जली र मानवता दौड" मा भाग लिएर उल्लेखनीय कार्य सम्पन्न गरेका छन्। 4 अक्टोबर 2025 मा दार्जिलिङ र यस छेउछाउका क्षेत्रमा आएको विनाशकारी बाढीका कारण ज्यान गुमाएका र शोकमा परेका परिवारहरूलाई श्रद्धाञ्जली अर्पण गर्ने उद्देश्यले सिलगढी सुकनादेखि घुम-जोरबङ्गला हुँदै दार्जिलिङसम्म चलेको यो दौड युनाइटेड हिमालयन अर्गनाइजेसनद्वारा आयोजना गरिएको थियो। यस कार्यक्रममा आफ्ना विद्यार्थीहरूसँगै श्री सुब्बाको सहभागिता दार्जिलिङका जनताप्रतिको उनीहरूको समर्थन र ऐक्यबद्धताको प्रतीक हो।

## Man Ki Baat: NSD

प्रधानमन्त्री नरेन्द्र मोदीले यस महिनाको 26 तारिख आकाशवाणीको **"मन की बात"** कार्यक्रममा देश-विदेशका मानिसहरूसँग आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको 127 औँ श्रृङ्खला हो। सबैले आफ्ना सुझावहरू टोल-फ्री नम्बर 1800-11-7800 मा साझा गर्न सक्छन्। सुझावहरू नरेन्द्र मोदी एप र MyGov खुला मञ्च मार्फत अनलाइन पनि पेश गर्न सकिन्छ। सुझावहरू यस महिनाको २४ तारिखसम्म स्वीकार गरिनेछ।

**Indian Rilways: DESK**

भारतीय रेलवेले चालू चाडपर्वको मौसममा यात्रुको मागमा भएको वृद्धिलाई पूरा गर्न व्यापक व्यवस्था गरेको छ। दिपावाली र छठको समयमा सहज यात्रा सुनिश्चित गर्न, रेलवेले 12 हजार 11 वटा विशेष रेलहरू सञ्चालन गरिरहेको छ, जुन गत वर्षको सोही अवधिमा 7 हजार 724 रेलहरूको तुलनामा उल्लेखनीय वृद्धि हो। उत्तरपूर्वी सीमान्त रेलवे क्षेत्रमा, 48 वटा विशेष चाडपर्व रेलहरू चलिरहेका छन्, जसले सेप्टेम्बरदेखि डिसेम्बर 2025 सम्म विभिन्न मार्गहरूमा कुल 620 यात्राहरूलाई समेट्दछ।

**CM-Gold Cup**

मुख्यमन्त्री प्रेमसिंह तामाङ हिजो पाल्जोर स्टेडियममा आयोजित सिक्किम अन्तर चर्च गोल्ड कप फुटबल प्रतियोगिता २०२५ को समापन कार्यक्रममा उपस्थित हुनुभयो। ICYMD र Ann Joy Boys बीचको बहुप्रतिक्षित फाइनल खेलमा देखिएको कौशल, टोली कार्य र खेल भावनाको प्रभावशाली प्रदर्शनद्वारा दर्शकहरू मोहित बनेका थिए। मुख्यमन्त्रीले यस वर्षको प्रतियोगिताको च्याम्पियन बनेक ामा Ann Joy Boys लाई बधाई दिँदै, सबै सहभागी टोलीहरूले देखाएको भावना र उत्साहको कदर गर्नुभयो। कार्यक्रममा थप उत्साहका रूपमा, सिक्किम CM XI र Kalimpong MLA XI बीचको प्रदर्शनी खेल रोचक साबित भयो, जसले खेलकुदको भावना मार्फत एकता र उत्सवको वातावरणलाई अझ समृद्ध बनायो।

**FIDE Chess: Desk**

२३ वर्षपछि भारतमा फर्किएको FIDE चेस विश्वकप २०२५, अक्टोबर ३१ देखि नोभेम्बर १७ सम्म गोवामा आयोजना हुने छ। यस प्रतियोगितामा ८२ देशका २०६ खेलाडीहरूले भाग लिनेछन्। विजेताहरूलाई २० लाख डलर बराबरको कुल पुरस्कार प्रदान गरिनेछ। प्रतियोगितामा गुकेश डी, अर्जुन एरिगाइसी, अनिश गिरी, वेस्ली सो, भिन्सेन्ट कीमर, हान्स निमन र फाउस्टिनो ओरो लगायतका प्रख्यात चेस खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन्। गोवाका मुख्यमन्त्री डा. प्रमोद सावन्तले FIDE चेस विश्वकप २०२५ को आधिकारिक लोगो र गीत सार्वजनिक गर्नुभयो।